जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १४९ २०८१ साल पुस २५ गते बिहीबार (9 Jan. 2025 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : भूकम्पको मनोवैज्ञानिक असर,.. ३ पृष्ठमा : अनलाइन जुवा खेलाएको र ... ३ पृष्ठमा रूसी वायु सेनाले प्रयोग..

## साहुको रकम पचाउने नियतले लुटपाटको नाटक रचेका चालक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

साहुले कुखुरा किन्न दिएको रकम पचाउने बदनियतले लुटपाट भएको नाटक रच्ने एक चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

दुई दिनअघि सप्तरीको राजविराज-रुपनी सडक खण्डमा बोलेरो गाडीबाट रकम लुटिएको भनी प्रहरीलाई झुठो सूचना दिएका विरगन्ज महानगरपालिका वडा नं. २१ परवानीपुर बस्ने २६ वर्षिय समसोदिन आलम पक्राउ परेका हुन् ।

बिरगन्जबाट साहु राज कुमार साहले राजविराज पुगि कुखुरा किन्न दिएको ३ लाख ८० हजार रुँपैया बाटोमै लुटिएको भन्दै चालक आलमले झुठो अफवाहा फैलाएको प्रहरीले जनाएको छ । उनले प्रहरी र आफ्ना साहुसमेतलाई राजविराज-रुपनी सडक खण्डमा दुई वटा मोटरसाइकलमा सवार चार जना अपरिचित व्यक्तिले पेस्तोल देखाउँदै उक्त रकम लुटेको जानकारी गराएका थिए ।

उक्त घटना बारे खबर पाए लगत्तै प्रहरी घटनास्थलमा पुगि सो बारे सुक्ष्म अनुसन्धान सुरु गरेको थियो । तर, उक्त घटनाबारे प्रहरीले घटनास्थलमा पुगि अनुसन्धान गर्दा त्यस्तो कुनै घटना नभएको निस्कर्ष निकालेको थियो ।

त्यसपश्चात् प्रहरीले उक्त गाडीका सहचालक बाराको कलैया उपमहानगरपालिका ७ बस्ने २४ वर्षिय अमिर श्रेष्ठलाई नियन्त्रणमा लिई सोधपुछ गरेको थियो । बोल्न र सुन्न नसक्ने सहचालक श्रेष्ठलाई सोधपुछ गर्दा उनले इसारा मार्फत प्रहरीलाई चालक आलमले नै उक्त रकम घरमा राखेको जानकारी दिएका थिए ।

बाँकी अन्तिम पृष्ठमा

## हावासँगै बढेको चिसोका कारण जनजिवन प्रभावित



**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

मंगलबार साँझदेखी चलेको हावासँगै बढेको अत्याधिक चिसोले सप्तरीको जनजिवन प्रभावित बनेको छ । चलेको चिसो हावासँगै सदरमुकाम राजविराज सहित ग्रामिण भेगको जनजीवन प्रभावित बनेको हो ।

मंगलबार राती देखी नै जाडो छल्न राजविराज नगरपालिकाले नगरक्षेत्र भित्रका चौकहरुमा आगो ताप्न दाउराको प्रबन्ध मिलाएको छ ।

नगरपालिकका कार्यवाहक नगर प्रमुख ईसरत परवीनले नगरपालिका भित्रका थप

बाँकी अन्तिम पृष्ठमा

## भन्सार छलि ल्याउँदै गरेको छालाको बुटसहित जाडोको कपडा बरामद







**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी नेपाल भित्राउँदै गरेको छालाको बुट प्रहरीले बरामद गरेको छ ।

प्रहरी चौकी झुट्की सप्तरीबाट खटिएको प्रहरी टोलीले गस्ती गर्ने क्रममा ५५ हजार ५ सय मुल्य पर्ने ३७ वटा छालको बुट सोमबार बरामद गरेको हो ।

गस्ती टोलीलाई देख्ने वित्तिकै टाउकोमा रहेको बोरा फ्याली मानिसहरु फरार भएकोमा उक्त बोरा खोली चेकजाँच गर्दा सो बोरा भित्र छालाको बुट बरामद भएको थियो ।

यस्तै प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी मोटरसाईकल नम्बर नखुलेको मोटरसाईकलबाट ८२ हजार मुल्य पर्ने मिठा मधु नियन्त्रणमा लिएको छ ।

बाँकी अन्तिम पृष्ठमा

## बैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गर्ने सप्तरीका कृष्णसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

वैदेशिक रोजगारीमा पोल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सप्तरीका एक व्यक्तिसहित दुई जना पक्राउ मंगलबार परेका छन् ।

पक्राउ पर्नेहरुमा सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ७ का ३१ वर्षीय कृष्ण यदुवंशी र गोरखाका ३७ वर्षीय राजेश बराम छन् ।

अभियुक्त कृष्णले पोल्याण्ड पठाइदिन्छु भन्दै विभिन्न पीडितबाट रु ७२ लाख ४८ हजार एक सय ५० र राजेशले रु आठ लाख ९० हजार लिएर सम्पर्कविहीन भएका थिए ।

पीडितको उजुरीपछि काठमाडौं उपत्यका अपराध

बाँकी अन्तिम पृष्ठमा

उपभोक्ता सचेत बनौं

➢अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,

➢त्यस्ता गैहकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्वन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,

➢सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताप्रति उत्तरदायी बन्

अहिले सप्तरीसहित मधेशको जनजीवन कष्टकर बन्दै गएको छ । दुई दिनदेखी चलेको चिसो हावासँगै बढेको चिसोले जनजिवन कष्टर बन्दै गएको हो । अत्यधिक चिसो र शीतलहरका कारण गरीब तथा विपन्न वर्ग बढी मारमा परेका छन् । वृद्धवृद्धा र बालबालिकालाई समेतलाई कष्ट पुऱ्याईरहेको छ । यसका लागि सरकारी तथा गैरसरकारी संस्थाले चिसोको नकारात्मक प्रभावबाट बच्न उपाय अवलम्बन गरिनु जरुरी छ ।

चिसोबाट जोगिन स्थानीय तहबाट समेत खासै उपाय अवलम्बन गर्नु आवश्यक छ । एक त गरीबी र आर्थिक अभावमा जीवन वितिरहेका बेला चिसो जस्ता प्राकृतिक विपदाका कारण उनीहरु दोहोरो मारमा जीवन जीउन बाध्य हुनुपरेको छ । सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीस्तरबाट ढिलो नगरि पहल थाल्न जरुरी छ । मौसममा आएको परिवर्तनसँगै मानिसहरुमा रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन थालिएको छ ।

तसर्थ जिल्ला विपद् समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट निमुखबा, गरिब जनताहरुलाई चिसोबाट बचाउन उत्तरदायीका साथ परिणममूखी भूमिका निर्वाह आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# भूकम्पको मनोवैज्ञानिक असर, संयमता अपनाउन आग्रह

**प्रगति ढकाल**

काठमाडौँ, २४ पुस (रासस) ।

मङ्गलबार बिहानकै भूकम्पले अधिकांशलाई निद्राबाट ब्युँझायो । बिहानको चिसो मौसममा मानिसहरुले सडक भरियो । बिहानी कक्षामा अध्ययरत विद्यार्थीमा भागाभाग भयो । कोही काखमा बच्चा च्याप्दै त कोही वृद्धवृद्धालाई डोहोऱ्याउँदै सडक र गल्लीमा जम्मा भए ।

उक्त भूकम्पले धेरैलाई नौ वर्षअघिको गोरखा भूकम्प सम्झाइदियो । तत्कालीन समयमा काठमाडौँ उपत्यकासहित कैयौँ जिल्ला प्रभावित हुँदा आठ हजारभन्दा बढी व्यक्तिले ज्यान गुमाएका थिए भने अर्बौं रकम बराबरको भौतिक क्षति भएको थियो ।

भूकम्पका कारण त्रिभुवन विश्वविद्यालयको स्नातक तहको प्रथम वर्षको परीक्षा प्रभावित भयो । जसका कारण मङ्गलबारको परीक्षामा १५ मिनेट समय थप गर्नुपर्ने अवस्था आयो । बिहान ६:५० बजे चीनको सिजाङ्ग प्रान्तको सिगात्सेस्थित दिङ्गी गाउँमा केन्द्रबिन्दु भएर सात म्याग्निच्युडको भूकम्प नेपालका कोसी, मधेस र बागमती प्रदेशका विभिन्न जिल्लामा महसुस गरिएको थियो । भूकम्पको धक्काले अतालिएका काठमाडौँ नागार्जुन-१० का रिकेश थापाले घरको छतबाट हामफाले । हालफाल्दा घाइते भएका उहाँको मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्समा उपचार गरिएको नेपाल प्रहरीले जनाएको छ ।

भूकम्पपछि बाराको कलैया उपमहानगरपालिका वडा नं १ देवकोटास्थित त्रिचन्द्र माविका कक्षा ७ र ८ मा पढ्ने ११ जना विद्यार्थी बेहोस भएको प्रहरीले जनाएको छ ।

ललितपुरस्थित पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा वासुदेव कार्की विगतको शक्तिशाली भूकम्पको असर मनमा अझै रहेकाले मानिसको आत्मविश्वासमा कमी आएको र सामान्य भूकम्प महसुस गर्दा पनि बढी आत्तिने र संयमता अपनाउन नसक्ने बताउनुहुन्छ । "धेरै मानिसमा अझै पनि २०७२ सालमा गोरखा भूकम्पको अनुभव बाँकी छ, एक वर्षअघि जाजरकोटको भूकम्पको डर पनि छ । यी दुई ठूला भूकम्पले मानिसको मनोबल कमजोर बनाएको छ", उहाँले भन्नुभयो, "विसं २०७२ को भूकम्पका कारण धेरैलाई मानसिक समस्या देखापऱ्यो । यस्ता विपद्बाट मानसिक रोगहरु देखापर्छ । विपद्ले निम्त्याएका तनावलाई कसरी व्यवस्थापन गर्ने ? भन्ने कुरामा ख्याल गर्नुपर्छ ।"

कार्की भूकम्पलगायत घटनाले धनजनका क्षति मात्रै गर्दैन, यसले मानसिक स्वास्थ्यमा गहिरो प्रभाव पार्न सक्छ । विशेषगरी, भूकम्पको अनुभव गरेको व्यक्तिमा मनोवैज्ञानिक त्रास बढी हुने उहाँको भनाइ छ । डा कार्कीले भन्नुभयो, "भूकम्पले क्षति गरेमा अत्यधिक डर र चिन्तासमेत बढाउन सक्छ, यसले उनीहरूलाई आगामी दिनमा भूकम्प जान्छ कि भन्नेबारेमा डरमा राख्न सक्छ ।"

उहाँले फरकफरक व्यक्तिमा फरक प्रतिक्रिया आउने र व्यक्तिको जैविक वातावरणअनुसार असर पनि फरक पर्ने बताउनुभयो । "यस्ता विपद्बाट सबैलाई एकै किसिमको असर गर्छ भन्ने हुँदैन, कसैलाई मानसिक स्वास्थ्यमा धेरै असर गर्न सक्छ, कसैलाई असर गर्दैन", उहाँले भन्नुभयो, " सकारात्मक सोच र भूकम्पको जोखिमको व्यवस्थापनका उपायबारेमा सरकारले व्यापक जनचेता अभिवृद्धि गराउन आवश्यक छ ।"

**अनावश्यक त्रास नफैलाउन आग्रह**

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रको वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले भूकम्पसम्बन्धी अनावश्यक त्रास फैलाउने किसिमको भ्रमपूर्ण सन्देश प्रवाह नगर्न आग्रह गर्नुभएको छ । "भूकम्पपछि मानिस आत्तिएर भाग्ने र हामफल्दा अप्रिय घटना हुनसक्छ । भूकम्प संयमता अपनाउनुपर्छ", उहाँले भन्नुभयो, "सामाजिक सञ्जालमा ठूलो भूकम्प आउँदै भन्नेजस्ता भ्रमपूर्ण समाचारले पनि मानिसमा थप त्रास उत्पन्न गराउँछ, यस्ता सन्देश जो कोहीले प्रवाह गर्न हुँदैन । भूकम्पको भविष्यवाणी सम्भव छैन ।" उहाँले आधिकारिक सूचनामात्रै ग्रहण गर्न उहाँको आग्रह छ ।

**पूर्वतयारी र सचेतनाको जरुरी**

केन्द्रका वरिष्ठ भूकम्पविद् डा अधिकारीले भूकम्प गएमा के गर्ने ? कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिकाहरु के हुन् ? लगायत विषयमा सचेतना बढाउनुपर्ने र भूकम्पका कारण हुनसक्ने धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी के-के हुने : भन्ने विषयमा तयारी गर्नुपर्ने बताउनुभएको छ । उहाँले पूर्वसूचना प्रणाली विकासलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले हालसम्म भूकम्पसम्बन्धी पूर्वसूचनाहरु विकास नभएको भन्दै यस विषयमा थप अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले चीनमा गएको भूकम्पपछि हिमताल फुट्ने जोखिम बढेकोसमेत उल्लेख गर्नुभयो । "भूकम्पका कारण हिमताल फुट्ने जस्ता जोखिम देखिएमा धनजनको सुरक्षाका लागि हामी पूर्वसूचना प्रवाह गर्छौं । आधिकारिक सूचनाको मात्रै विश्वास गर्न आग्रह गर्छु", जोशीले भन्नुभयो । राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले उक्त भूकम्पका परकम्पहरु निरन्तर आइरहेको र थप परकम्प आउनसक्ने भएकाले सम्भाव्य जोखिमलाई मध्यनजर गरी तयारी अवस्थामा रहन समेत आग्रह गर्नुभएको छ । संयमतापूर्वक विपद् व्यवस्थापन गर्नुपर्नेमा उहाँको जोड रहेको छ ।

**किन जान्छ भूकम्प ?**

सामान्यतया पृथ्वीको सतहभित्र कम्पन हुँदा भूकम्पको धक्का महसुस हुन्छ । पृथ्वीको सतहमा हलचल उत्पन्न गर्दा पृथ्वीको भित्री भागमा रहेको तनाव धेरै बढ्छ र त्यो असन्तुलनका कारण ऊर्जा मुक्त हुँदा जमिन हल्लिन्छ । यस कम्पनले पृथ्वीको सतहमा झट्का उत्पन्न गर्दछ र यसलाई भूकम्प भनिन्छ । पृथ्वीको बाह्य सतह ( लिथोस्फीयर) विभिन्न ठूला टुक्रामा विभाजित छ जसलाई भूकम्पीय प्लेट भनिन्छ । यी प्लेटहरू एकअर्कामा चढ्छन्, जसले भूकम्पको ल्याउँछ ।

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार भूकम्प एक भौगर्भिक प्रक्रिया हो जसलाई रोक्न तथा हालसम्मको अध्ययन अनुसन्धानबाट यसको भविष्यवाणी गर्न सकिएको छैन । टेक्टोनिक प्लेटहरुबीचको अन्तरसङ्घर्षको कारणले भूकम्पहरु जाने गर्दछन् । स-साना भूकम्प हरेक दिन जाने गरेका छन् भने ठूला भूकम्प केही वर्षको अन्तरालमा जाने गर्दछन् । हरेक दिन जाने साना भूकम्पहरुले सञ्चित ऊर्जा निसृत गर्न सक्दैनन् त्यसैले बेलाबेलामा ठूला र विनाशकारी भूकम्पहरु जाने गर्दछन् ।

"विगतमा हिमालय क्षेत्रमा ठूलाठूला भूकम्प गइसकेका छन् । सन् १८९७ मा भारतको आसाम, सन् १९०५ मा भारतको काङ्गरा, सन् १९३४ मा नेपाल-भारतको सिमाना र सन् १९५० मा भारतको आसाममा गएका पछिल्ला अन्तर महादेशीय महाभूकम्पहरु हुन्", केन्द्रले भनेको छ ।

पश्चिममा अफगानिस्तानदेखि पूर्वमा म्यान्मा (बर्मा) सम्मको करिब दुई हजार पाँच सय किलोमिटर लामो सक्रिय हिमशृङ्खलाको मध्य भागको करिब आठ सय किलोमिटर (एक तिहाइ) भाग नेपाल हिमालयले ओगटेको छ । टेक्टोनिक प्लेटबीचको टकराव र ऊर्जा सञ्चिति र समय-समयमा बिनाशकारी भूकम्पको माध्यमबाट हुने विसर्जनका कारण नेपाल हिमालय भूकम्पीय जोखिमका दृष्टिले अत्यन्त संवेदनशील क्षेत्रमा परेको केन्द्रको भनाइ छ ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

# अनलाइन जुवा खेलाएको र 'कल बाइपास' को आरोपमा ५३ पक्राउ

ललितपुर, २४ पुस (रासस)।
नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले ललितपुरको सातदोबाटोबाट अनलाइन जुवा खेलाएको र 'कल बाइपास' गरेको आरोपमा ५३ जनालाई पक्राउ गरेको छ।

पक्राउ गर्नेमा २९ महिलासहित ५१ नेपाली र दुई भारतीय रहेका सिआइबी प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो। उनीहरूलाई गएराति ललितपुर महानगरपालिका वडा नं १५ सातदोबाटोस्थित सुरेन्द्र गोपाल श्रेष्ठको पाँच तले पक्की घरको चौथो तल्लाबाट नियन्त्रणमा लिइएको हो। "हामीले सोमबार राति ८५ थान ल्यापटप र ९६ थान मोबाइलसहित उनीहरूलाई नियन्त्रणमा लिएका छौँ, हाल अनुसन्धान भइरहेको छ", बोगटीले भन्नुभयो।

पक्राउ परेका दुई भारतीयमा विहार राज्यको मोतिहारीका मनिषकुमार झा र भारतको गुजरातका राहुल मेगोडा रहेका छन्। झा समूहका मुख्य व्यक्ति हुन् भने मेगोडा तालिम व्यवस्थापक रहेको जानकारी गराइएको छ। यस्तै, ललितपुर निवासी १८ वर्षीया स्वीकृति बस्नेत, १९ वर्षीया रिदिमा खड्की, १९ वर्षीया लिजा माली, स्थायी ठेगाना कैलाली भई ललितपुर बस्ने १९ वर्षीया रितिका शाही, ३१ वर्षीया रुवि सिंह, २६ वर्षीया लक्ष्मी सिंह, २३ वर्षका दीपक विश्वकर्मा, २३ वर्षका कविर सिंह, २४ वर्षका रमेश तिरुवा, १९ वर्षका विकास सिंह र २३ वर्षका बसन्त बुढा, बाँके घरभइ ललितपुर बस्ने २२ वर्षीया अजुना मल्ल, सर्लाहीकी २१ वर्षीया सलिनी सिंह, १९ वर्षीया रक्षा घिमिरे, २७ वर्षका राजकुमार पण्डित र २१ वर्षका पृथ्वीराज रञ्जन, मोरङकी २७ वर्षीया बिस कर्मा, रामेछापकी १८ वर्षीया निशा तामाङ र २१ वर्षीया अञ्जु लामा महोत्तरीकी १९ वर्षीया निशा सहनी, बाराकी २१ वर्षीया अर्चना चौधरी र २० वर्षीया स्वस्तिका कार्की, सिन्धुपाल्चोककी २१ सजिना राई र २२ वर्षीया सुस्मिता नेपाली, झापाकी १९ वर्षीया विश्वा पौडेल, बैतडीकी १९ वर्षीया एलिजा चन्द र १९ वर्षका सुसिल विष्ट, सप्तरीका २३ वर्षका कोमल मण्डल र २५ वर्षीया नन्दनी देव, कञ्चनपुरकी १८ वर्षीया ऐश्वर्या जोशी, काठमाडौंकी २५ वर्षीया समृता तण्डुकार, गोरखाकी ३१ वर्षीया ज्योति थापा, ओखलढुङ्गाकी २७ वर्षीया मोनी दाहाल, सिराहाका २२ वर्षका दीप सिंह र २३ वर्षका चन्द्रभूषण यादव, धनुषाका १९ वर्षका मनिस झा, कञ्चनपुरका २६ वर्षका कपिल चन्द, २५ वर्षका नविन ताम्राकार, अछामका २२ वर्षका हिमान साह, दार्चुलाका २४ वर्षका रोशन लोहारा, रौतहटका २१ वर्षका विरवल पटेल र रोशन बस्नेतलाई पक्राउ गरिएको छ।

यसैबीच सिआइबीले पक्राउ गरेका ५३ मध्ये सात जनामाथि सट्टेबाजी गर्न नहुने कसुरमा म्याद थप गरी अनुसन्धान थालेको छ।

काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी मुख्य अभियुक्त सात जनामाथि मुद्दा चलाइएको र अन्यको विषयमा संलग्नताबारे छानबिन भइरहेको सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले जानकारी दिनुभयो।

मुद्दा चलाइएकामा भारतीय नागरिक झा र मेगोडा, नेपालीहरूमध्ये ओखल्ढुङ्गाका मोनी दाहाल, सिन्धुपाल्चोककी सुस्मिता नेपाली, झापाका रोशन बस्नेत, काठमाडौँका आदित्यकुमार सिंह र काभ्रेका सलिन श्रेष्ठ रहेका छन्।

## प्रेस काउन्सिललाई नियमनका लागि बाटो खुला

काठमाडौँ, २४ पुस (रासस)।
उच्च अदालत पाटनले तथ्य र आधारबिना सूचना सम्प्रेषण गर्ने अनलाइन पोर्टललाई नियमन र कारबाही गर्न प्रेस काउन्सिल नेपाललाई बाटो खुला गरिदिएको छ।

न्यायाधीशद्वय खडानन्द तिवारी र कृष्णराम कोइरालाको संयुक्त इजलासले बुधबार काउन्सिलको काम, कारबाहीमा तत्काल हस्तक्षेप गर्नुपर्ने आदेश जारी हुनु नपर्ने भन्दै बाटो खुला गरिदिएको हो।

गलत र भ्रामक सूचना सम्प्रेषण गरेको, नियामक निकायलाई अटेर गरेकोलगायत कारण देखाउँदै प्रेस काउन्सिलले विभिन्न अनलाइन पोर्टललाई कालोसूचीमा राखी कारबाही गर्ने निर्णय गरेको थियो। काउन्सिलको उक्त निर्णयविरुद्ध अन्तरिम आदेश माग गर्दै दियो मिडिया प्रालिले उच्च अदालतमा रिट दायर गरेको थियो।

रिटमाथिको सुनुवाइपछि अदालतले काउन्सिलको अनुगमन र नियमनमा अवरोध नहुने आदेश जारी गरेको हो।

काउन्सिलका तर्फबाट अधिवक्ताहरु अनन्तराज लुइँटेल, विकास भट्टराई, लीलाधर उपाध्याय, झविन्द्र भुसाल, कीर्तिनाथ शर्मा, विशाल थापा र प्रतिभा उप्रेतीले बहस गर्नुभएको थियो।

यसअघि पनि उच्च अदालतले नेपाल आज डटकमलाई कालोसूचीमा राख्दै सूचीकरणबाट हटाउने निर्णयलाई विधिसम्मत भन्दै काउन्सिलका पक्षमा आदेश दिएको थियो।

## विद्यालय पाठ्यक्रममा स्वास्थ्य सचेतनाका विषय परिमार्जन गर्नुपर्ने

काठमाडौँ, २४ पुस (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्ने बताउनुभएको छ।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसँग भेटवार्ता गर्दै उहाँले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनासम्बन्धी विषय परिमार्जनका लागि विज्ञ समिति बनाएर काम गर्न सहकार्यको प्रस्ताव गर्नुभयो।

उहाँले भन्नुभयो, "नसर्ने रोग बढ्दै गएकाले यसलाई रोकथाम गर्न विद्यालय तहबाटै सचेतनामूलक सामग्री प्रभावकारी बनाउनुपर्छ। पाठ्यक्रम विकास केन्द्रलाई स्तरीय सामग्री तयार पार्नका लागि मन्त्रालय सहकार्य गर्न तयार छ।"

उहाँले पाठ्यक्रममा स्वस्थ खानपिन तथा मादकपदार्थविरुद्ध सचेतनाका विषय पनि समावेश गर्न सुझाव दिनुभयो।

यसका लागि दुवै मन्त्रालयको संयुक्त समूह बनाउन मन्त्री पौडेलले गरेको प्रस्तावमा मन्त्री भट्टराईले सकारात्मक प्रतिक्रिया जनाउनुभयो। उहाँले दुवै मन्त्रालयबीच सहकार्यको प्रस्ताव सराहनीय रहेकाले थप गृहकार्य आवश्यक रहेको बताउनुभयो।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

प.सं. २०८१/८२
च.नं.
मिति: २०८१/०७/२९

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।

कोश्की माझी थारुको नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गा निवेदकको नाउँमा एकलौटी नामसारी गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. काचन वडा नं. २ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. ८ वस्ने सिघहनीया देवी थारुको यस कार्यालयमा द.नं. ११४०५ मिति २०७६/०९/२० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०७/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा नामसारी गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम जग्गा नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स. | वार्ड.नं. | कि.नं. | जग्गा क्षेत्रफल | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| काचन | २ | ३०७ | ०-२-१३ | कोश्की माझी थारु<br>बाबु-जोखन माझी थारु<br>वाजे- प्राणपैत माझी थारु | निवेदक- सिघहनीया देवी थारु<br>पति- बुद्धकी चौधरी थारु |

२०८१/०७/२९
श्री लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत


## विश्व समाचार

### रूसी वायु सेनाले प्रयोग गर्ने तेल डिपोमा आक्रमण

किएभ, पुस २४ (रासस/एएफपी)।
युक्रेनले रूस-युक्रेन साझा सीमाबाट सयौं किलोमिटर टाढा रूसी वायु सेनालाई सेवा प्रदान गर्ने रूसी तेल डिपोमा आफ्नो सेनाले आक्रमण गरेको बुधबार जनाएको छ।

क्रेमलिनले युक्रेनमाथि आक्रमण सुरु गरेको करिब तीन वर्षपछि मस्को र किएभले ऊर्जा र सैन्य केन्द्रहरूलाई लक्षित गरी सीमापार आक्रमण गरेको शृङ्खलाको यो पछिल्लो आक्रमण हो।

"युक्रेनी सेनाले सारातोभ क्षेत्रमा रहेको एंगेल्सस्थित रूसी तेल डिपोमा आक्रमण गरेको छ," युक्रेनी जनरल स्टाफले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"यो तेल डिपोले एङ्गेल्स-२ सैन्य हवाई क्षेत्रलाई इन्धन प्रदान गरेको छ, जहाँ रूसी शत्रुको रणनीतिक उड्डयन रहेको छ," विज्ञप्तिमा भनिएको छ।

रूसी अधिकारीहरूले यसअघिको वक्तव्यमा युक्रेनले मानवरहित हवाई वाहनले उक्त क्षेत्रमा आक्रमण गरेको स्वीकारेका थिए।

युक्रेनको रक्षा मन्त्रालयले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले सारातोभ क्षेत्रमा ११ सहित ३२ वटा युक्रेनी ड्रोनलाई खसालेको जनाएको छ।

यस क्षेत्रका गभर्नर रोमन बुसार्गिनले युक्रेनी ड्रोन आक्रमणपछि आगलागी भएको स्थानमा आपतकालीन टोली पठाइएको जानकारी दिनुभयो। आक्रमणमा कोही पनि घाइते नभएको बुसार्गिनले बताउनुभयो।

किएभले युक्रेनमा लडिरहेका रूसी सेनालाई आर्थिक सहयोग गर्न प्रयोग हुने रुसी ऊर्जा राजस्वमा कमी ल्याउने प्रयासको एक हिस्सा तेल प्रशोधन केन्द्रमा यसअघिका आक्रमणहरू भएको दाबी गरेको छ।

### भारतमा गत वर्ष सडक दुर्घटनामा परी एक लाख ८० हजार व्यक्तिको मृत्यु

नयाँदिल्ली, पुस २४ (रासस/सिन्ह्वा)।
सन् २०२४ मा भारतमा भएका सडक दुर्घटनामा परी करिब एक लाख ८० हजार व्यक्तिको मृत्यु भएको छ।

भारतका सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सन् २०२४ मा भारतमा भएका सडक दुर्घटनामा परी करिब एक लाख ८० हजार व्यक्तिको मृत्यु भएको जानकारी बुधबार दिनुभएको हो।

उहाँका अनुसार सवारी दुर्घटनामा परी मृत्यु हुनेमध्ये ६६ प्रतिशत १८ देखि ३४ वर्ष उमेर समूहका रहेका छन्। मृत्यु हुनेमा करिब १० हजार विद्यालयमा अध्ययनरत छात्रछात्रा रहेको उल्लेख गर्दै उहाँले विद्यालय तथा अन्य शैक्षिक संस्थाअगाडि यातायातको उचित व्यवस्था नहुँदा मृत्यु भएको बताउनुभयो।

गडकरीले मानव जीवन बचाउनका लागि सडक दुर्घटनाका पीडितहरूको नगदरहित उपचारको नयाँ योजना सुरु गरिएको पनि उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सडक दुर्घटनामा परी घाइते भएकाहरूको नगदरहित उपचारको लागि हामीले नयाँ योजना सुरु गरेका छौं।"

दुर्घटना लगत्तै २४ घण्टाभित्र प्रहरीमा सूचना जाँदा भर्ना भएका बिरामीको सात दिनको उपचार खर्च वा उपचारको लागि अधिकतम एक लाख ५० हजार भारतीय रुपैयाँ (१,७४७ अमेरिकी डलर) सम्म उपलब्ध गराउने व्यवस्था गरिएको छ। सडक दुर्घटनाका घटनामा मृत्यु भएका व्यक्तिका लागि दुई लाख भारतीय रुपैयाँ (दुई हजार ३०० अमेरिकी डलर) पनि उपलब्ध गराउने व्यवस्था गरिएको छ।

### खालिदा जियालाई उपचारका लागि विशेष एयर एम्बुलेन्समा लण्डन लगियो

ढाका, पुस २४ (रासस/एएनआई)।
बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) की अध्यक्ष खालिदा जिया उपचारका लागि मङ्गलबार साँझ लण्डन प्रस्थान गर्नुभएको छ।

ढाका ट्रिब्युनका अनुसार राति ११:४६ बजे उहाँ हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारका अमिरले पठाएको विशेष रोयल एयर एम्बुलेन्समा लण्डन प्रस्थान गर्नुभएको हो।

राती ८ बजे आफ्नो गुलशन निवासबाट उपचारका लागि लण्डनतर्फ निस्कनुभएका ७९ वर्षीय जिया कलेजो सिरोसिस, मुटुरोग, मृगौलालगायत विभिन्न स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ। उहाँलाई उपचारका लागि लण्डनक्लिनिकमा भर्ना गरिने बताइएको छ।

जियाका साथमा उहाँका चिकित्सक, परिवारका सदस्य र सहयोगीहरू थिए भने कतार सरकारका डाक्टरहरूको टोली पनि विमानमा सवार भएको थियो। जियालाई लण्डन लैजान कतारको रोयल एयर एम्बुलेन्स सोमबार साँझ ७:४० बजे ढाका आइपुगेको थियो।

जियालाई लण्डन लैजाने तयारी भएको सूचनासँगै उहाँले प्रस्थान गर्नुअघि ठूलो सङ्ख्यामा बिएनपी नेता र कार्यकर्ताहरू गुलशनस्थित जियाको निवास फिरोजा नजिकै भेला भएका थिए।

बिएनपीका महासचिव मिर्जा फखरुल इस्लाम आलमगीर साँझ सवा ६ बजे फिरोजामा पुग्नुभएको थियो भने उहाँले भेला भएका समर्थक र शुभेच्छुकलाई व्यवस्थित रहन र सडक खाली राख्न आग्रह गर्नुभएको थियो।

लण्डन भ्रमणलाई बिएनपीका वरिष्ठ नेताहरूले राजनीतिक यात्राभन्दा पनि चिकित्सकीय भ्रमणको रूपमा व्याख्या गरेका छन्। खालिदा जियाले राम्रो स्वास्थ्य सेवा प्राप्त गर्नु र लामो समयपछि आफ्नो परिवारसँग पुनर्मिलन गर्नु भ्रमणको मुख्य उद्देश्य रहेको उनीहरूले बताए।

ढाका ट्रिब्यूनका अनुसार बिएनपीका स्थायी समिति सदस्य तथा वरिष्ठ नेता इकबाल हसन महमुदले बिएनपी नेतृ तथा बङ्गलादेशका पूर्वप्रधानमन्त्री खालिदा जिया आफ्नो उपचारपछि स्वस्थ भई फर्कने र पार्टी र देशको नेतृत्व गरिरहन तयार हुने आशा व्यक्त गर्नुभएको छ।

नेता महमुदले जियाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै भन्नुभयो, "उहाँ हामीकहाँ स्वस्थ भएर फर्कनुहुनेछ पार्टीको नेतृत्व सम्हाल्नुहुनेछ। हामी सबै उहाँको सशुस्वास्थ्यको प्रार्थना गर्दछौँ।"

# ‘शान्तिप्रक्रिया शीघ्र टुङ्ग्याउन दबाब सृजना गरौं’

काठमाडौं, २४ पुस (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम टुङ्ग्याउन दबाब सृजना गर्नुपर्ने बताउनुभएको छ ।

बेपत्ता योद्धा राजेन्द्र ढकालको २६ औं स्मरण दिवसका अवसरमा बुधबार यहाँ आयोजित ‘शान्ति प्रक्रिया र बेपत्ता नागरिकको सार्वजनिकीकरणको सवाल’ विषयको कार्यक्रममा उहाँले शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सबैले दबाब सिर्जना गर्नुपर्ने अवस्था उत्पन्न भएको बताउनुभयो ।

शान्तिप्रक्रियालाई निष्कर्षमा पुग्न नदिन केही तत्व लागेका उल्लेख गर्दै उहाँले भन्नुभयो, “शान्तिप्रक्रियालाई जटिल मोडमा पुऱ्याउने प्रवृत्ति पनि देखिएको छ, त्यो तत्वले टुङ्गिन लागेको शान्तिप्रक्रियालाई रोकिराखेको छ ।”

शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई चाँडो टुङ्गोमा पुऱ्याउन सबै राजनीतिक दल इमान्दार हुनुपर्नेमा जोड दिँदै उहाँले यससम्बन्धमा नेपाली कांग्रेस र नेकपा (एमाले)सँग छलफल गर्ने बताउनुभयो ।

एमाले नेता अग्नि खरेलले शान्तिप्रक्रियालाई टुङ्गो लगाउन सरकार र आफ्नो पार्टी इमान्दार रहेको बताउनुभयो ।
“शान्तिप्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक छ, एमाले केन्द्रीय समिति बैठकमा पेस भएको दस्तावेजमा पनि शान्तिप्रक्रियालाई निष्कर्षमा लैजाने विषय उल्लेख छ”, उहाँले भन्नुभयो, “शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्छ ।”

पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन कानुनी पक्षलाई मात्र नहेरी द्वन्द्वपीडित दुवैपक्षबीच सहमति एवं विश्वासको वातावरण बन्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय टुङ्ग्याउन विलम्ब भएमा मुलुकको छवि अन्तर्राष्ट्रिय रुपमा धुमिल हुने बताउनुभयो ।

# फरार दुई अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**
सप्तरी प्रहरीले अदालतको फैसला कार्यान्वयनको सिलसिलामा दुई जना फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा लेनदेन मुद्दामा बिगोसहित एक वर्ष कैद सजाय पाएका राजविराज ५ निवासी अशोक राम रौनियार र जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका २ बस्ने दिनेश बिराजी कुटपिट अंगभंग मुद्दामा २ वर्ष ११ महिना ४ दिन कैद सजाय पाएका छन् ।

पक्राउ परेका दुवै जनालाई प्रहरीले सप्तरी जिल्ला अदालतमा दाखिला गराएको छ ।

# चिसो बढेसँगै वीरगञ्ज महानगरका विद्यालय तीन दिन बन्द

पर्सा, २४ पुस (रासस) ।
वीरगञ्ज महानगरले अत्यधिक चिसो बढेसँगै बुधबारदेखि तीन दिन महानगरभित्रका विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरेको छ । पछिल्ला दिन जिल्लामा बाक्लो हुस्सु लाग्न थालेको छ । महानगरले पुस २४ देखि २६ गतेसम्म तीन दिन जाडो बिदा दिने निर्णय गरेको हो ।

महानगरका शिक्षा अधिकृत हरि राउतले सार्वजनिक सूचना जारी गरेर तिन दिन सामुदायिक र संस्थागत विद्यालयलाई जाडो बिदा दिने निर्णय भएको जानकारी दिनुभयो । “बढ्दो जाडोका कारणबाट विद्यार्थीको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई मध्येनजर गर्दै तीन दिन वर्षे बिदाबाट कट्टा हुनेगरी विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्नेगरी विद्यार्थीलाई गृहकार्य दिई घरमा अध्ययन गर्ने वातावरण मिलाई विद्यालयमा पठनपाठनसम्बन्धी कार्य स्थगन गर्न/गराउनुहुन सम्बन्धित सबै विद्यालयलाई जानकारीका लागि आदेशानुसार अनुरोध छ”, उहाँले भन्नुभयो ।

त्यसैगरी पर्सागढी नगरपालिकाले पनि गत पुस २१ गते सार्वजनिक सूचना जारी गरेर पुस २२ गतेदेखि माघ १ गतेसम्मका लागि सामुदायिक तथा संस्थागत विद्यालयलाई जाडो बिदा दिने निर्णय गरेको शिक्षा शाखा प्रमुख देवकुमार गिरीले जानकारी दिनुभयो ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
सप्तरी ।

चलानी नं. :
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८१।९।१२

**विषय : ..........दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

......अस्लम/२०५१...... दर्ता रहेको साविक ......बर्नैनिया...... मौजा रैन......दि.प्र.। हाल तपसिल बमोजिम नापी भएको जग्गा......मो. जैनुल्ला काएम ......... गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा......बर्नैनिया...... वार्ड नं. ...६...... बस्ने श्री ...... को द .न. ६१०६ मिति ......२०८१।९।१०...... मा निवेदन परी ...३५.... सार्वजनिक सुचना प्रकाशित गर्न मिति ......मा आदेश भए अनुरुप यो ...३५...... दिने सुचना प्रकाशित गरिएको छ ।तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ...३५...... दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला ।म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम...... गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ ।यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

## तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| बर्नैनिया | ६क | 68 | ०-६-१६ | अस्लम २०५१ | मो. जैनुल्ला जिन राखे |
| ” | ६क | ८३/६९ | ०-३-२ | | |
| ” | ९ | ८९/६६ | ०-२-१६½ | | |

२०८१।९।१२
(हस्ताक्षर)

# मोतियाविन्दुका बिरामीको निःशुल्क उपचारमा सहयोग गर्दै सगरमाथा आँखा अस्पताल

सिरहा, २४ पुस (रासस) ।
लहान नगरपालिकाले यस वर्ष पनि बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गर्ने भएको छ । यसका लागि नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँग सहकार्य गर्ने छ । मंगलबार नगर प्रमुख महेशप्रसाद चौधरी र सगरमाथा चौधरी आँखा अस्पताल अध्यक्ष रवीन्द्रलाल चौधरीले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । नेपाल नेत्रज्योती संघद्वारा सञ्चालित सो अस्पताल आँखा उपचार सेवाका लागि अब्बल रहेको छ ।

सम्झौताअनुसार शिविरमा मोतियाविन्दुको पहिचान भएका बिरामीको शल्यक्रियाको खर्च नगरपालिकाले व्यहोर्ने छ ।

“हामीले प्रत्यक वर्ष निःशुल्क आँखा शिविर आयोजना गर्दै आएका छौं । सोहीअनुरुप अब वडावडामा शिविर आयोजना गरिनेछ”, नगरप्रमुख चौधरीले भन्नुभयो, “शिविरले यहाँका गरिब तथा विपन्न समुदाय लाभान्वित हुने विश्वास लिएको छु ।” केही दिनभित्रै गाउँगाउँमा शिविर सञ्चालन गर्ने भन्दै नगरप्रमुख चौधरीले एक हजार मोतियाविन्दुका बिरामीको शल्यक्रिया गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।

नगरप्रमुख चौधरीको अनुसार विगत दुई वर्षदेखि यसरी शिविर सञ्चालन गरिएको र यस क्रममा पहिलो वर्ष सात हजार जनाले आँखा जाँच गराएका थिएभने एक हजार ९२ जना मोतियाविन्दुको पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो । यसैगरी, दोस्रो वर्ष तीन हजार जनाले आँखा जाँच गराउँदा सात सय मोतियाविन्दु पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो ।

जाडोको समयमा आँखाको रोगको सङ्क्रमण धेरै हुने र गाउँगाउँमा पैसाको अभावमा बिनाउपचार बस्ने गरिब तथा विपन्न समुदायलाई निःशुल्क आँखा शिविरले सहयोग पुग्ने अस्पतालका अध्यक्ष रवीन्द्रलालले बताउनुभयो ।

### हावासँगै बढेको ...

स्थानहरुमा बुधबार साँझदेखि दाउरा उपलब्ध गराइ आगो ताप्ने व्यवस्था मिलाइएको जानकारी दिइन् ।

यस्तै अत्यधिक जाडोकै कारण जिल्लाको राजगढ गाउँपालिकाले एक साताका लागि विद्यालयहरु बन्द गरेको छ ।

विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै वर्षे र हिउँदे बिदाबाट कट्टा हुने गरी पालिकाका विद्यालयहरुमा बिदा दिइएको हो । पुस २४ देखि माघ १ गतेसम्म विद्यालयहरु बन्द रहने गाउँपालिकाले जनाएको छ ।

### भन्सार छलि ल्याउँदै ...

प्रहरी चौकी झुट्की सप्तरीबाट खटिएको प्रहरी टोलीलाई देख्ने बित्तिकै मोटरसाइकलमा लोड गरि ल्याउदै गरिएको बोराहरु छोडी मानिसहरु फरार भएका थिए । बोराहरु चेकजाँच गर्दा सो बोरा भित्र अंगुरी मिठा मधु फेला परेको प्रहरीले जनाएको छ ।

यसैगरि प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउँदै गरेको ६४ हजार ४ सय ५० रुँपैया बराबरको जाडोका कपडाहरु नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय हनुमाननगरको गस्ती टोलीले उक्त कपडाहरु नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता बरामद बुट, मिठा मधु र कपडा समेतलाई प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालयमा बुझाएको जनाएको छ ।

### बैदेशिक रोजगारीमा ...

अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले कृष्णलाई काठमाडौं महानगरपालिका ३१ बाट र राजेशलाई काठमाडौं टेकुबाट पक्राउ गरेको हो । उनीहरूलाई कारबाहीका लागि जिल्ला प्रहरी परिसर पठाइएको छ ।

### साहुको रकम ...

सहचालक श्रेष्ठको बयानपछि प्रहरीले चालक समसोदिन आलमलाई पनि नियन्त्रणमा लिई छानबिन गर्दा उक्त रकम लुटिएको नभई आलमले घरमा लुकाई राखेको खुल्न आएपछि लुटिएको भनिएको उक्त रकम आलमको घरबाट बरामद समेत गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका आलम उपर ठगी, अपराधिक विश्वसघात गरी झुट्टा अफवाह फैलाएको कसुरमा बुधबार नै सप्तरी जिल्ला अदालतबाट दुई दिनको म्याद थप गरि थपअनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*